सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ताम्कु, संखुवासभा

# सिलीचोङ गाउँपालिका खेलकुद कार्यविधि,२०७७

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका खेलकुद कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७।०९।२७

**प्रस्तावना :**

विकास अनुशासन र गतिशिलताको पर्यायको रूपमा रहेको खेलकुद क्षेत्रलाई स्वास्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परिपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्ने उद्देश्यबाट अभिप्रेरित भई यस क्षेत्रलाई थप मर्यादित बनाउन वाञ्छनीय भएकोले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को अधीनमा रही यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सिलीचोङ गाउँपालिका खेलकुद कार्यविधि २०७७" रहनेछ ।

(२) यो "कार्यविधि" गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"खेलकुद"** : भन्नाले सिलीचोङ गाउँपालिकाको आयोजना वा स्वीकृती वा सहमति लिई खेलाईने खेलकुद साथै अन्य खेलकुद सम्बन्धी गतिविधि समेतलाई सम्झनु पर्दछ ।

(ख) **"खेलाडी"** : भन्नाले विभिन्न विधाका स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी लाई सम्झनु पर्नेछ ।

(ग) **"खेलकुद समिति"** :भन्नाले यो कार्यविधि बमोजिम गठित सिलिचोङ खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) **"प्रोत्साहन"** : भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सिलीचोङ खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३.खेलाडी सुचीकृत गर्नेः** (१) सिलीचोङ गाउँपालिकाको खेलकुद विकासका लागि खेलकुद गतिविधि बढाउन, समितिमा आवद्ध हुन एवं खेलकुदमा सहभागी हुन गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिकाभित्रका विभिन्न विधाका खेलाडीहरूलाई सूचीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनार्थ यो कार्य विधि लागु भएको कम्तीमा ३ महिनाभित्र गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयले गाउँपालिकाभित्रका विभिन्न विधाका खेलाडी सूचीका लागि १५ दिने सूचना जारी गरी अनुसूची ७ बमोजिमको दुई दुईप्रति खेलाडी सूचीकरण फाराम भराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुचीकृत भएका खेलाडीहरूको विधागत नाम नामेशी वडागत रूपमा विभाजन गरी एक एक प्रति सूचीकरण फारम सहित वडा कार्यालयलाई पठाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रकासित सूचनाको आधारमा सुचीकृत हुन गाउँपालिका भित्रका, ख्याती प्राप्त खेलाडीहरु स्थानीय, जिल्ला, क्षेत्र राष्ट्रिय स्तरका गाउँपालिका भित्रका खेलाडीहरु तथा पूर्व खेलाडी, विभिन्न खेल सम्बन्धी तालिम लिएकाहरू मध्येबाट कम्तीमा १६ वर्ष पुगेका गाउँपालिकाभित्रका नागरिकहरूले अनुसूची ७ बमोजिमको फारम भर्न पाउनेछ । तर १६ वर्ष नपुगेका बालबालिकाहरू पनि अवस्था अनुसार खेलकुदमा सहभागी हुन वञ्चित गरिने छैन ।

(५) उपदफा (१) मा जस्तो सुकै उल्लेख गरिएको भए पनि सरकारी पेशामा आवद्ध एवं गाउँपालिकाको शीर्ष राजनीतिज्ञ खेलकुद अध्यक्ष हुन पाउने छैन । तर खेलकुद गतिविधि बढाउन एवं खेलकुदमा सहभागी हुन वञ्चित गरिने छैन ।

**४. <u>सिलीचोङ वडा खेलकुद विकास समितिको गठन</u>** : (१) वडाभित्रको खेलकुद गतिविधि र विकासका लागि देहाय बमोजिम गठित सिलीचोङ खेलकुद विकास समितिलाई सिलीचोङ वडा खेलकुद विकास समिति सम्झनु पर्दछ ।

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

(क) दफा ३ उपदफा (४) बमोजिम वडाभित्रका सूचिकृत भएकाहरु मध्येबाट छानी आएको विधागत रुपमा कम्तीमा १/१ जना हुनेगरी विधागत छनोट मध्येबाट कम्तीमा २ महिला सहित ६ जना सदस्य ।

(ख) वडा कार्यालयको तोकिएको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) खण्ड (क) बमोजिम छनौट भई आएका ६ जना सदस्यहरू मध्येबाट वडा अध्यक्षबाट सिफारिस व्यक्ति १ जना -अध्यक्ष

(३) उपदफा (१) खण्ड (क) बमोजिम छनौट भई आएका बाँकी ५ जना सदस्यहरू मध्येबाट सहमति वा निर्वाचन प्रणालीबाट अध्यक्ष पुरुष भए एक महिला वा अध्यक्ष महिला भए एक पुरुष - उपाध्यक्ष

५. **सिलीचोङ गाउँ खेलकुद विकास समितिको गठन** : (१) गाउँपालिकाभित्रको खेलकुद विकासका लागि देहाय बमोजिम गठित सिलीचोङ खेलकुद विकास समितिलाई सिलीचोङ गाउँ खेलकुद विकास समिति सम्झनु पर्दछ ।

(क) दफा ३ उपदफा (४) बमोजिम गाउँपालिकाभित्रका सूचिकृत भएकाहरु मध्येबाट छानी आएको विधागत रुपमा कम्तीमा १/१ जना हुनेगरी विधागत छनोट मध्येबाट कम्तीमा २ महिला सहित ६ जना सदस्य ।

(घ) गाउँ कार्यपालिका कार्यालयको सम्बन्धित शाखा हेर्ने तोकिएको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) खण्ड (क) बमोजिम छनौट भई आएका ६ जना सदस्यहरू मध्येबाट गाउँपालिकाअध्यक्षबाट सिफारिस व्यक्ति १ जना -अध्यक्ष

(३) उपदफा (१) खण्ड (क) बमोजिम छनौट भई आएका बाँकी ५ जना सदस्यहरू मध्येबाट सहमति वा निर्वाचन प्रणालीबाट अध्यक्ष पुरुष भए एक महिला वा अध्यक्ष महिला भए एक पुरुष - उपाध्यक्ष .

६. **खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार** : (१) खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सिलीचोङ गाउँपालिकामा सञ्चालन गर्न सकिने विभिन्न विधाका खेलकुदहरूको सूची तयार गर्ने,

(ख) वडा तथा गाउँपालिकाले विनियोजन गरेको बजेटको सीमाभित्र रही विभिन्न विधाका प्रतिस्प्रधात्मक खेलकुदहरू सञ्चालन गर्ने,

(ग) अन्य वडा, गाउँपालिका वा नगरपालिका तथा क्लव वा संस्थाहरूले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा सिलीचोङ गाउँपालिका वडा टीमलाई वडापालिकाले र गाउँपालिकाभित्रका खेलाडी टीम वा क्लवलाई आवश्यकता र औचित्यका आधारमा गाउँपालिकाको सिफारिसमा मात्र सहभागी गराउने,

(घ) निजी तथा संघ संस्थाहरू सँग खेलकुद सञ्चालन गर्न साझेदारीलाई प्राथमिकता दिदै सहयोगी दाताहरूको खोजी गर्ने,

(ङ) सिलीचोङ गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्वन्धि योजना बनाई लागू गर्ने,

(च) खेलकुदको विकासका लागि प्रदेश तथा संघीय सरकार सँग वडा तथा गाउँपालिकाको परामर्समा खेलकुद कार्यक्रमका योजना बनाई पेश गर्ने,

(छ) सिलीचोङ गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

(ज) खेलकुद विकास समितिका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतीमा विभिन्न विधाका खेलकुद कार्यक्रमहरू सञ्चालन गर्ने,

(झ) कुनै पनि विधाको खेलकुद कति, कहिले, कसरी सञ्चालन गर्ने खेल सञ्चालन विधि बनाई सोही अनुरूप गाउँपालिकाको संयोजनमा खेलकुद सञ्चालन गर्ने,

(ञ) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**७. कोषको सञ्चालन र व्यवस्थाः** (१) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको सशर्त तथा निःशर्त कोष स्थापना गरी खेलकुद विकास समितिले सञ्चालन गर्न सक्नेछ ।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

(ग) संघीय सरकारबाट प्राप्त अनुदान

(घ) विभिन्न दाता संस्था तथा व्यक्तिबाट प्राप्त अनुदान

(ङ) अन्य विभिन्न श्रोतबाट प्राप्त सम्पूर्ण आम्दानी

(२) कोषको सञ्चालन अध्यक्ष र सचिवको संयुक्त दस्तखतमा हुनेछ ।

(३) कोषबाट भएको खर्च प्रत्येक चौमासिक रूपमा समितिद्वारा अनुमोदन गर्ने र वार्षिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

(४) कोषको लेखा राख्ने तथा लेखा परीक्षणको सम्पूर्ण दायित्व खेलकुद समितिको हुनेछ । जसले प्रचलीत कानून बमोजिम लेखा परीक्षण गर्नु पर्नेछ ।

८. **खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकिने** : खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा वा खेलकुद समितिबाट सिफारिस भई आएमा गाउँ कार्यपालिकाको बोर्डले त्यस्तो सदस्यलाई कुनै बखत पनि हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिईनेछ ।

९. **खेलकुद समितिको कार्यकाल** : खेलकुद समितिको कार्यकाल २ बर्षको हुनेछ । अध्यक्ष दुई कार्यकालसम्म मात्र हुन पाउनेछ ।

१०. **प्रतिवेदन पेश गर्ने :** (१) सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्वन्धी योजनाहरूको प्रतिवेदन वडा खेलकुद विकास समितिले वडामा र सो सहित गाउँ खेलकुद विकास समितिले गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदनमा आएका विषयहरूलाई गाउँपालिकाले छलफल गरी उपलब्धिहरूलाई समेट्दै बुलेटिन मार्फत सार्वजानिक गर्नेछ ।

११. **खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन** : (१) खेलकुद सम्वन्धी सम्पूर्ण काम र गतिविधि यसै कार्यविधि बमोजिम गठित समितिले गरे पनि समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्था गर्नु पर्नेछ ।

(२) खेलकुद संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नका लागि देहाय बमोजिमको एक संरक्षक, परामर्श दाता र सल्लाहकार समुह रहनेछ ।

(क) गाउँ कार्यपालिका उप प्रमुख — संरक्षक

(ख) सामाजिक विकास समिति संयोजक — प्रमुख परामर्स दाता

(ग) गाउँ कार्यपालिकाको तोकेको लव्ध प्रतिष्ठित सामाजिक व्यक्तित्व मध्येबाट १ जना सल्लाहकार

(३) यो कार्यविधि बने पश्चात गठित समितिको कार्य अवधि समाप्त हुने लगत्तै गठन हुने समितिमा सल्लाहकार अघिल्लो गठित समिति अध्यक्ष सल्लाहकार रहनेछ र गाउँ कार्यपालिकाले आवश्यकता अनुसार बढीमा ३ जनासम्म सल्लाहकारहरू थप्न सक्नेछ ।

## परिच्छेद ३
## आचार संहिता

१२. **आचार संहिता** : (१) खेल हेर्न आउने दर्शक विभिन्न विधाका खेलाडी, समिति संयोजक तथा सदस्य, लगायत खेलमा उपस्थित सम्पूर्ण महानुभावहरूले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाईने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरी गैर नेपाली टिमलाई मान्यता दिईनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्न दर्तावाला संस्थाका टिम तथा स्थानीय संरचना अन्तर्गतका टोल, वडा एवं गाउँ स्तरको नाम बाट सम्बन्धित वडा तथा गाउँपालिकाको सिफारिसमा मान्यता दिईनेछ । तर कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएको खेलाडीलाई टिमबाट हटाइनेछ ।

(ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहि कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाईने छैन । तर कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफी गाउँपालिकाको स्वीकृतीमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने बाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाईनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाईनेछैन । तर त्यस्ता् तालिम प्राप्त आधिकारिक व्यक्तिहरू नभएमा सम्बन्धित खेलमा लामो समयसम्म अनुभव प्राप्त गरेका र सो सम्बन्धी धेरै पटक पुरस्कृत भएकाहरूलाई समेत निर्णायक राख्न बाधा हुने छैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्लपापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाईनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी

कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार एवं सामाजिक, धार्मिक, साम्प्रदायिकतामा खलल हुने व्यवहार गर्न पाईने छैन ।

(झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अधिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिका सँग लिखित स्वीकृती लिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछ ।

१३. **सौजन्यता** : खेलकुद व्यवस्थापन, सञ्चालन तथा सवल बनाउन एवं खेलकुद सम्बन्धी भौतिक संरचना निर्माणका लागि विभिन्न व्यक्ति संघ संस्थाहरूबाट वडा तथा गाउँ खेलकुदको नाममा सौजन्य स्वरूप जग्गा, दान दातव्य, नगद तथा जिन्सी सामानहरू प्राप्त भएमा समितिले आफ्नो नाममा सौजन्यको अभिलेखीकरण गर्ने र सौजन्य कर्तालाई सम्मान पत्र एवं विभिन्न आभुषणहरूबाट सम्मान गर्न सक्नेछ ।

## परिच्छेद ४

## दर्ता, नविकरण र विघटन

१४. **दर्ता र स्वीकृती** : (१) गाउँ कार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुद संग सम्बन्धित संस्था गाउँ खेलकुद समितिमा दर्ता गर्नुपर्नेछ । गाउँ खेलकुद समितिमा खेलकुद संग सम्वन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृती दिनेछैन ।

(२) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूची १ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

(३) संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा गाउँपालिकाको विधान स्वीकृति गरी संस्था दर्ता गरी अनुसुची २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ ।

(४) पहिल्यै दर्ता भई सकेको संस्था भएमा गाउँपालिकाको सूचीकृतको लागी अनुसूची ३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(५) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची ४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक बर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्वन्धित कर्मचारीले सही गरी नविकरण गर्नुपर्नेछ ।

(६) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची ५ बमोजिम को ढाँचामा हुनुपर्नेछ ।

(७) दर्ता वा सूचीकृत भएका संस्थाको अभिलेखको ढाँचा अनुसूची ६ बमोजिम को ढाँचामा हुनु पर्नेछ ।

(८) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शूल्क र दर्ता वा सूचीकृत दस्तुर हाललाई रू.५००।- लाग्नेछ ।

(९) प्रत्येक बर्षको आषाढ मसान्त भित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

**१५. <u>जरिवाना</u>** : (१) दर्ता भएका खेलकुद सम्वन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

| | |
|---|---|
| (क) एक बर्ष सम्म पनि नवीकरण नगरेमा | रु. १०००।- |
| (ख) दुई बर्ष सम्म पनि नवीकरण नगरेमा | रु. २५००।- |
| (ग) तीन बर्ष सम्म पनि नवीकरण नगरेमा | रु. ५०००।- |
| (घ) पाँच बर्ष सम्म पनि नवीकरण नगरेमा | रु. १०,०००।- |

(२) पाँच बर्ष भन्दा बढी समय सम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमा नै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

**१६ <u>संस्थाको विघटन</u>** : (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन :-

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ बर्ष सम्म संस्था नवीकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा बेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत् भएमा ।

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

**१५ <u>विघठित संस्थाको सम्पत्ति</u>** : बिगठन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

**१६ खारेजि र बचाउ** : सिलिचोङ गाउँपालिका मातहत संचालन हुने खेलकुद सम्वन्धि निर्णय र नीति नियमहरु खारेज हुनेछ । सो बखत भएका खेलकुद गतिविधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(दफा १४ को उपदफा २ संग सम्बन्धित)

अनुसूची १

श्री अध्यक्ष ज्यू, मितिः

सिलिचोङ गाउँ खेलकुद विकास समितिको

कार्यालय, ताम्कु , सङ्खुवासभा ।

**विषय** :- संस्था दर्ता सम्वन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्वन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौ । नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान

:...........................................................................................................................

सिलिचोङ गाउँपालिका वार्ड नं. ...........................................टोलको नाम

...............................................................

सचिव अध्यक्ष

नाम नाम

मिति मिति

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

(दफा १२ को उपदफा ३ सँग सम्बन्धित)

अनुसूची ३

सिलिचोङ गाउँ खेलकुद समिति ताम्कु सङ्खुवासभा ।

**संस्था दर्ता प्रमाण पत्र**

संस्थाको नाम :-

.........................................................................................................................................................

...........

ठेगाना

:.........................................................................................................................................................

.......................

दर्ता हुदाँका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाँका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संसथ दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । सिलिचोङ गाउँ खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्वन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ ।

................................

..............................

(खेलकुद अध्यक्ष)

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

## संस्था नवीकरणको विवरण

| क.स | संस्थाको नाम | नवीकरण भएको मिति | नविरकण दस्तुर | नवकीरण गर्ने कर्मचारीको सही र खेलकुद समितिको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

(दफा १४ को उपदफा ४ सँग सम्वन्धित )

**अनुसूची ३**

श्री अध्यक्ष ज्यू, मितिः

सिलीचोङ गाउँ खेलकुद विकास समिति

सिलीचोङ गाउँपालिका, ताम्कु सङ्खुवासभा ।

**विषय** :- संस्था सुचीकृत गरिदिनु हुन ।

हामीले तपशिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौ । गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौ ।

**संलग्न कागजातहरु**

क) दर्ता प्रमाण पत्र ।

ख) चालु बर्षको लेख परीक्षण प्रतिवेदन ।

ग) कर चुक्ता प्रंमाण पत्र ।

घ) समितिको निर्णय ।

.................................... ................................

सचिव अध्यक्ष

(दफा १४ को उपदफा ५ सँग सम्वन्धित )

अनुसूची ४

श्री सिलीचोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, ताम्कु सङ्खुवासभा ।

**विषय** :- संस्था सुचीकृत प्रमाण पत्र ।

संस्थाको नाम :-

.........................................................................................................................................

...........

ठेगाना

:.........................................................................................................................................

.......................

दर्ता हुदाँका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाँका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । सिलिचोङ गाउँ खेलकुद निर्देशिका र विधानको अधिनमा रही खेलकुद सम्वन्धी गतिविधिहरु संचालन गर्न अनुमति दिईएको छ ।

.............................

(खेलकुद अध्यक्ष)

(दफा १४ को उपदफा ६ सँग सम्वन्धित )

## अनुसूची ५

मिति ............

श्रीमान् अध्यक्ष ज्यू,
सिलीचोङ गाउँ खेलकुद विकास समिति
सिलीचोङ गाउँपालिका, ताम्कु सङ्खुवासभा ।

**विषय** :- संस्था नवीकरण गरी पाउँ ।

........................................................................................................ नामक संस्था यस गाउँपालिकामा दर्ता / सूचीकृत भई खेलकुद सम्वन्धी गतीविधीहरु संचालन गरी रहेको हुदाँ तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरिपाउँ भनी निवेदन पेश गरेका/छौ । अत : आर्थिक बर्ष ............................................को संस्था नवीकरण भएको ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु
क) आर्थिक बर्ष .................................को लेखापरीक्षण प्रतिवेदन
ख) संस्थाको बार्षीक गतीविधि,
ग) आगामी वर्षको योजना र बजेट

............................
निवेदन

राम बहादुर राई
अध्यक्ष
सिलिचोङ गाउँपालिका

(दफा १४ को उपदफा ७ सँग सम्वन्धित )

## अनुसूची ६

सिलीचोङ गाउँपालिका खेलकुदसँग आवद्ध सँस्थाहरूको अभिलेखीकरण

सँस्थाको नामः

ठेगानाः

दर्ता भएको मितिः सुचिकृत भएको मितिः

| क.स | नवीकरण भएको मिति | नविरकण दस्तुर | विलम्ब दस्तुर | नवकीरण गर्ने कर्मचारीको सही र खेलकुद समितिको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दफा ३ को उपदफा (२) र (४) सँग सम्बन्धित

अनुसूची: ७

खेलाडी सूचीकरण फाराम २०......

श्री सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

ताम्कु,संखुवासभा ।

मलाई ..........................खेलमा यस गाउँपालिकाको खेलाडी सूचीकरण गरिदिनु हुनका लागि देहायमा उल्लेखित विवरण सहित आवेदन पेश गरेको छु ।

क. खेलको विधा:

१. खेलाडीको व्यक्तिगत विवरण:

| | | | | |
|---|---|---|---|---|
| नाम थर: | देवनागरीमा: | | | लिङ्ग: |
| | अंग्रेजी ठूलो अक्षरमा: | | | |
| | नागरिकता नं.: | | जारी गरेको जिल्ला: | जारी गरेको मिति: |
| स्थायी ठेगाना | जिल्ला: | गा.पा./न.पा: | | वडा नं.: |
| | टोल: | घर नं.: | फोन नं.: | इमेल: |

बाबुको नाम थर: आमाको नाम थर:

बाजेको नाम थर: पति वा पत्निको नाम थर: पेशा:

| | | |
|---|---|---|
| जन्म मिति(साल, महिना र गते) | वि.सं.मा: | इ.सं.मा: |
| | पत्राचार गर्ने ठेगाना: | |

२. शैक्षिक योग्यता:

| क.स | अध्ययन गरेको संस्थाको नाम | उतीर्ण गरेको | | कुल प्राप्ताङ्क | श्रेणी | मूल विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | साल | महिना | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. खेल सँग सम्बन्धित तालिम अनुभव तथा प्राप्त सम्मान पदकहरू:

| क.स | खेलको नाम | आयोजकको नाम ठेगाना | स्थान | प्राप्त गरेको | | प्राप्त गरेको सामग्री | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | साल | महिना | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

यस दरखास्त फारममा उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य छन् । प्रमाणका लागि यसै साथ सम्पूर्ण विवरणका प्रतिलिपिहरू संलग्न राखेको छु । लेखिएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

ल्याप्चे सहिछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

भखरै खिचेको फोटो

सम्बन्धित खेलाडीको दस्तखत:

मिति:

प्रमाणित गर्नेको दस्तखत:

मिति: